# कंञ्चनपुर जिल्लाका स्थानीय तहका वडाध्यक्ष र वडा सचिवहरुको सहभागीता प्रभावकारी सेवा प्रवाह सम्बन्धी प्रशिक्षण सम्पन्न

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना, डोटीको आयोजनामा वडा कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने उद्देश्यका साथ आयोजना भएको ३ दिने प्रशिक्षण कार्यक्रम कंञ्चनपुर जिल्लाका ४ वटा स्थानीय तह बेदकोट नगरपालिका, बेलौरी नगरपालिका, बेलडाडी गाउँपालिका र शुक्लाफाँटा नगरपालिकाका वडाध्यक्ष र वडा सचिवहरुको सक्रिय सहभागीतामा मिति २०८२ साल माघ ४ देखि शुरु भएको क्षमता विकास प्रशिक्षण ६ गते कृर्षि विकास तालिम केन्द्र सुन्दरपुर कंञ्चनपुरमा  सम्पन्न भएको छ ।  प्रशिक्षण कार्यक्रममा वडाध्यक्ष र वडा सचिवहरु गरी कुल ६५ जना सक्रिय सहभागीता सहेको थियो ।  कार्यक्रम २ समूहमा विभाजन गरि संचालन गरिएको थियो । तीनदिन सम्म संचालन भएको प्रशिक्षण कार्यक्रममा वडा कार्यालयबाट प्रदान गरिने दैनिक सेवामा विशेष गरेर सिफारिस र प्रमाणिकरणका कार्य र सामाजिक सुरक्षा भत्ताका सम्बन्धमा प्यानल छलफल मार्फत  जिल्ला प्रशासन कार्यालय कंचनपुरका प्रशासकिय अधिकृत श्री धर्मराज उपाध्यायले वडाध्यक्ष र वडा सचिवहरुको जिज्ञासा पुरा गर्नु भएको थियो । साथसाथै सुदूरपश्चिम प्रदेश अनुसंधान तथा प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक श्री गेहेन्द्र बमज्यूले सेवा प्रवाह वडाध्यक्ष र वडासचिवको अहम भूमिका रहेको कुरा बताउनु भएको थियो । वडा कार्यालयको सेवा प्रवाह कार्यलाई थप प्रभावकारी बनाउन उनीहरुले वडा कार्यालयमा प्रतिक्षालको निर्माण, निस्क्रिय रहेका वडा समितिका सदस्यहरुको जिम्मेवारी बाँडफाँट गरी विषयगत समिति गठन गर्ने, नागरिक वडापत्र निर्माण गर्ने तथा अद्दयावधिक गर्ने, स्तनपान कक्ष निर्माण गर्ने तथा शौचालय समेत निर्माण गर्ने जस्ता क्रियाकलाप समावेश गरी चालु र आगामी बर्षको कार्ययोजना मार्फत प्रतिवद्धता जाहेर गरेका छन् । प्रशिक्षणको सहजीकरण सहजकर्ताहरु श्री झंकर कुवर, नरेन्द्र विष्ट, गणेश उपाध्याय र देबेन्द्रप्रसाद गुरुङ्गले गर्नु भएको थियो ।




"कञ्चनपुर जिल्लाका वडा अध्यक्ष
र वडा सचिवहरुका लागि"
प्रभावकारी सेवा प्रवाह सम्बन्धी प्रशिक्षण
माघ ४-६, २०८२
सुन्दरपुर, कञ्चनपुर
आयोजक
सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

